प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




वर्ष-१६ ।। अङ्क : १२८ ॥ २०८१ असार ०४ गते मंगलबार (18th Jun 2024 Tuesday) | Pratidin National Daily | मूल्य-रु.५/-

# चौपाया तस्करी बढेपनि सरोकारवाला बेखबर



भद्रपुर(प्रस) । खुल्ला सिमानाको दुरूपयोग गर्दै दक्षिणी झापामा गाई गोरू तस्करी बढ्दै गइरहेको छ ।
पूर्वी पहाड तथा पश्चिमी नेपालदेखि संकलन गरेका गाई गोरू तस्कर समूहले झापाको गौरीगञ्ज, टाँघनडुब्बा, घेरावारी, केचना, पाठामारी, पृथ्वीनगर, महेशपुर, घोडामारा, ज्यामिरगढी र बाहुण्डाँगी नाकाबाट विभिन्न झुण्ड बनाएर भारततिर तस्करी गरिरहेका हुन् ।
हरेक दिन ५- देखि १० गाडीसम्म जम्मा गरेर गाई गोरू ल्याउने समूहले सदरमुकाम भद्रपुरबाट दक्षिण घेरावारी र केचना नाका प्रयोग गर्न चारकोशे जङ्गल र स्थानीय देउनिया खोलाको उपयोग गर्दै प्रहरी प्रशासनको समेत सहयोगमा गाईको अबैध तस्करी गरेर भारत हुँदै बंगलादेश लैजाने गरेको स्थानीय बासिन्दाको भनाइ छ । नेपाल सरकारले समेत प्रतिबन्ध गरेको गाई तस्करीलाई प्रहरी प्रशासनले आर्थिक चलखेलमा लैजान दिएको र यस बापत यी नाकाका लागि मासिक ३ देखि ५ लाख तथा स्थानीय युवाहरूलाई प्रतिगाई १ हजार रुपैयाँको सेटिङबापत दिने गरेको एक गाई गोरू व्यापारी स्वीकार गर्छन् ।

नेपालबाट यसरी लगिएका बुढा गाई गोरू भारत तथा बंगलादेश पुर्याई काट्ने गरेको विभिन्न सञ्चारमाध्यमहरूले बताउँदै आए पनि नेपालमा झापाकै प्रतिष्ठित राजनैतिक पहुँचवालाहरूको मिलेमतोमा हल्दिवारी, धुलाबारी, कचनकवल, भद्रपुर हुँदै सयौं बुढा गाईहरू मासुकै लागि तस्करी भइरहेको छ । सरकारका प्रतिनिधि त बेखबर छन् नै हिन्दूवादको वकालत गर्ने पनि तैँ चुप मैं चुप हुनुचाहिँ रहस्यमय छ ।


# टी-२० विश्वकपको अन्तिम खेलमा पनि नेपाल पराजित



झापा(प्रस) । आईसीसी टी-२० विश्वकप क्रिकेटमा बंगलादेशले नेपाललाई पराजित गरेको छ। वेस्ट इन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाल रंगशालामा भएको अन्तिम खेलमा बंगलादेशले नेपाललाई २१ रनले पराजित गरेको हो।
टस हारेर पहिला ब्याटिङ गरेको बंगलादेशले १९.३ ओभरमा सबै विकेट गुमाएर १०६ रन बनाएको थियो। जवाफी ब्याटिङका क्रममा नेपालले १९.२ ओभरमा सबै विकेट गुमाएर ८५ रन मात्र जोडेको हो। नेपालले लगातार तीन विकेट गुमाएको थियो।
नेपालका लागि कुशल मल्लले ४० बलमा सर्वाधिक २७ रनको योगदान गरे। उनले १ चौका र १ छक्का प्रहार गरे।
यसैगरी दीपेन्द्रसिंह ऐरीले २५ रनको योगदान गरे। उनले ३१ बलमा एक छक्का र २ चौका प्रहार गरे। ओपनर आशिफ शेखले शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाए। कुशल भुर्तेलले ८ बलमा एक चौका प्रहार गर्दै बाहिरिए। रोहितकुमार पौडेल ६ बल र सन्दीप जोराले बलमा १/१ रनको योगदान गरे। सोमपाल कामी, गुलशन झा, अभिनाश बोहोरा शून्य रनमा आउट भए। लगातार विकेट जाँदा क्रिजमा आएपनि सन्दीप लामिछानेले ब्याटिङ गर्न पाएनन्।
बंगलादेशका लागि तन्जिम हसन साकिबले सर्वाधिक ४ विकेट,मुस्ताफिजुर रहमानले ३ विकेट,शकिब अल हसनले २ विकेट र तस्किन अहमदले १ विकेट लिए । त्यस अगाडि बंगलादेशका लागि शाकिब अल हसनले १७ रन, महमुदुल्लाह र रिशाद हुसेनले १३/१३ रन, जाकिर अली र तस्किन अहमदले १२/१२ रन, तौहिद हृदयले ९ रन, नाजमुल हसिन सान्तोले ४ रन, नान्जिम हसन साकिब र मुस्ताफिजुर रहमानले ३/३ रनको योगदान गरे। तान्जिद हसन शून्य रनमै आउट भए।

नेपालका लागि रोहितकुमार पौडेल,सन्दीप लामिछाने,सोमपाल कामी, दीपेन्द्रसिंह ऐरीले २/२ विकेट लिए । योसँगै बंगलादेश सुपर आठमा प्रवेश गरेको छ।

# भद्रपुरमा रोजगार संवाद मञ्च गठन



झापा(प्रस) । झापाको सदरमुकाम रहेको भद्रपुर नगरपालिकामा रोजगार संवाद मञ्च गठन भएको छ ।

भद्रपुर नगरपालिकाभित्र रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सिर्जनाका नविनतम उपाय एवम् ढाँचा तथा विधिहरुको विकास गर्ने, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले निजी तथा गैरसरकारी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा सञ्चार क्षेत्रसमेतलाई समटेर सहभागितामूलक ढंगले रोजगार संवाद मञ्च गठन गरिएको हो ।

नगरप्रमुख गणेश पोखरेलको अध्यक्षतामा आइतबार नगरपालिकाको सभाहलमा भएको भेलाले समति गठन गर्नुका साथै विभिन्न निर्णयहरु गरेको भद्रपुर नगरपालिकाको रोजगार सेवा केन्द्रका संयोजक एवम् मञ्चका सदस्य सचिव टिकाराम पाण्डेले जानकारी दिए ।

उनका अनुसार नगरप्रमुख गणेश पोखरेलको संयोजकत्वमा गठित समितिको सदस्यमा उपप्रमुख राधा कार्की, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला, नगरपालिकाको आर्थिक विकास समिति संयोजक, प्रशंसा ठटाल, सामाजिक विकास समिति संयोजक सीतादेवी गुरागाईं, निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेशका निवर्तमान अध्यक्ष टिकाराज ढकाल, नेपाल चिया उत्पादक संघका अध्यक्ष आदित्य पराजुली, झापा उद्योग वाणिज्य संघबाट कार्यालय सचिव दुर्गाप्रसाद खतिवडा, झापा उद्योग संघबाट कार्यालय सचिव सुष्मा शाक्य, सहकारी क्षेत्रबाट जीवन वाँस्तोला, सञ्चार क्षेत्रबाट प्रेस क्लव भद्रपुरका उपाध्यक्ष रोहित काफ्लेलगायत छन् ।

केही सदस्य मनोनित गर्न पाउने कार्यविधिको व्यवस्थाअनुसार आवश्यकता भएमा सदस्य थपिने संयोजक नगरप्रमुख पोखरेलले जानकारी दिए ।

त्यसैबीच, समतिको पहिलो बैठकले भद्रपुर नगरपालिका क्षेत्रभित्र रहेका बेरोजगार युवा र यस क्षेत्रमा रहेका उद्योग-प्रतिष्ठान, संस्थागत शैक्षिक क्षेत्र, सहकारी, सेवा क्षेत्रलगायतका रोजगारदाताबीच समन्वय गराउने गरी सुरुमा यस क्षेत्रका बेरोजगार युवा तथा श्रमिक एवम् रोजगारदाताहरुको यथार्थ विवरण संकलन गर्ने, अद्यावधिक गर्ने र सूचना सञ्जाल निर्माण गर्ने निर्णय गरेको समितिका सदस्य सचिव पाण्डेले जानकारी दिए ।

भद्रपुरमा प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत रोजगार सेवा केन्द्र स्थापित छ । सो केन्द्रमार्फत सयौं बेरोजगारहरु सूचीकृत भई सय दिनको ज्याला पाउने गरी विभिन्न काममा संलग्न छन् । भद्रपुरमा प्रधानमन्त्री कार्यक्रमअन्तर्गत काम गरिरहेका श्रमिकहरुलाई प्रतिफलमुखी योजनाहरुमा समावेश गर्ने गरिएको र यसले विकास-निर्माणका योजनाहरु प्रभावकारी देखिएको नगरप्रमुख पोखरेलले बताए ।

# चट्याङ लागेर एकको मृत्यु,एक हल राँगा मर्यो



झापा(प्रस)। सोमवार बिहान इलाम नगरपालिका-९ भञ्ज्याङमा चट्याङ लागेर एक जनाको मृत्यु भएको छ । इलाम नगरपालिका-९ का ३६ वर्षीय सुनिल गोलेको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

बिहान साढे ६ बजेतिर पानी परिरहेका बेला परेको चट्याङले भान्सा कोठामा काम गरिरहेका गोलेलाई लागेको थियो । चट्याङबाट बेहोस भएका गोलेको उपचारका क्रममा इलाम अस्पतालमा मृत्यु भएको प्रहरीले जनाएको छ ।
चट्याङले लागेर एक हल राँगा मर्यो चट्याङले लागेर झापाको मेचीनगरमा एक हल राँगा मरेको छ ।
सोमवार बिहान ४ बजेको समयमा मेचीनगर नगरपालिका वडा नं.३ भावना टोल बस्ने योगेन्द्र भट्टराईको गोठमा बाँधिराखेको दुईवटा राँगा अबिरल बर्षासंगै परेको चट्याङ लागेर मरेको हो । जसबाट १ लाख ५० हजार बराबरको क्षति भएको छ । चट्याङले लागेर सोही गोठमा बाँधिराखेको एउटा माउ भैसीको देब्रेपट्टिको करङमा सामान्य चोट लागेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।
त्यस्तै शनिवार राति परेको चट्याङले लागेर बिर्तामोड ९ नरियावारी बस्ने झालो राजवंशीको बिजुलीको मिटरबक्समा क्षति पुगेको छ । राति २ बजेतिर परेको चट्याङले लागेर राजवंशीको विजुलीको मिटरबक्स , टीभी , फ्रिजको वाइरिङ र वाइफाइको राउटरमा क्षति पुगेको र मानवीय क्षति नभएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।

# खानेपानी ऐन ल्याउने मन्त्री कार्कीको भनाई



• **लक्ष्मी उप्रेती**

मेचीनगर । कोशी प्रदेश सरकारका खानेपानी सिँचाई तथा ऊर्जा मन्त्री एकराज कार्कीले अहिले अव्यवस्थित र अस्तव्यस्त रहेका खानेपानीलाई व्यवस्थितरुपमा सञ्चालन गर्नका लागि प्रदेश सरकारले खानेपानी ऐन ल्याउन लागेको बताएका छन् । आफ्नो खुशीले अब खानेपानीका ट्यांकी नचल्ने भएकाले यसलाई व्यवस्थित बनाउन पनि खानेपानी ऐन र नीति बनाउन सरकार लागिपरेको मन्त्री कार्कीको भनाई छ ।
झापाको मेचीनगर–६ स्थित काँकरभिट्टा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको एक साताअघि सम्पन्न निर्वाचनबाट निर्वाचित सञ्चालक समितिका पदाधिकारी, सदस्य, लेखा समिति संयोजक सदस्यहरुको पद तथा गोपनियताको सपथ ग्रहण र पद हस्तान्तरण कार्यक्रममा बोल्दैं मन्त्री कार्कीले यस्तो बताएका हुन् ।
'शुरु शुरुमा पव्लिक क्याम्पस सञ्चालन गर्न निकै होडबाजी हुन्थ्यो, पछिल्लो समय खानेपानीका ट्यांकी निर्माण गर्न यस्तै होडबाजी चलेको छ' कार्यक्रमका प्रमुख अतिथि रहेका मन्त्री कार्कीले भने,'त्यसरी सञ्चालन गरिएका संरचनाको हालत कस्तो छ ? जीर्ण अवस्थामा पुगेर सकिने अवस्थामा छन् । त्यसकारण पनि ती संरचनाको हालत यो अवस्थामा पुगेकाले संरक्षणका लागि अब कोशी प्रदेश सरकारले त्यसलाई व्यवस्थित गर्न पनि खानेपानी ऐन ल्याउन लागेको हो ।'
अहिले पनि सबै जनताको शुद्ध, सफा र स्वच्छ खानेपानीमा पहुँच नभएको मन्त्री कार्कीको भनाई थियो । अब पालिकाभित्र सञ्चालनमा रहेका खानेपानीहरु स्थानीय सरकारको स्वामित्वमा रहनुपर्ने भन्दैं मन्त्री कार्कीले खानेपानीको पहुँच नपुगेका ठाउँमा

❖ बाँकी अन्तिम पृष्ठमा

# ग्रामथान गाउँपालिका अध्यक्षको निधन

झापा(प्रस) ।मोरङको ग्रामथान गाउँपालिका अध्यक्ष जयप्रकाश गच्छदारको निधन भएको छ । चार महिनाअघि भएको राष्ट्रियसभा निर्वाचनका लागि विराटनगर आएका उनी १० माघमा ब्रेन ह्यामरेज भएर थलिएका थिए ।

अध्यक्ष गच्छदारको सोमबार दिउँसो निधन भएको नेपाली कांग्रेस मोरङका उपसभापति भक्तिनाथ माझीले बताए । स्थानीय तह निर्वाचनमा उनी कांग्रेसबाट अध्यक्षमा निर्वाचित भएका थिए । माझीका अनुसार गच्छदारको मंगलबार अन्तिम संस्कार गरिनेछ । अध्यक्ष बिरामी भएपछि चार महिनायता उपाध्यक्ष गुणवतीदेवी थारुले कार्यवाहक अध्यक्षको रूपमा काम गरिरहेकी छिन् ।



# राजवंशीले बनाए उत्कृष्ट कस्ट्युम डिजाइनरको परिचय

झापा(प्रस) । झापा लक्ष्मीपुरमा नमस्ते टेलरिङ हाउसका संचालक बैजन्त कुमार सिंह राजवंशीलाई धेरैले टेलरिङ व्यवसायीको रुपमा चिन्छन् । तर,त्यतिमा मात्र उनको परिचय सीमित छैन,उनले उत्कृष्ट कस्ट्युम डिजाइनरको ख्याति समेत कमाएका छन् । भर्खरै सम्पन्न छैटौं अन्तर्राष्ट्रिय सांस्कृतिक , पर्यटन तथा चलचित्र महोत्सवमा राजवंशीले उत्कृष्ट कस्ट्युम डिजाइनरको अवार्ड हात पारेका छन्। भारतका दुईजना डिजाइनरलाई पछि पार्दै कचनकवल गाउँपालिका १ घेरावारी स्थायी घर भएका राजवंशीले सो अवार्ड हात पारेका हुन् । नेपालमा पहिलो पटक छैटौं संस्करणको अन्तर्राष्ट्रिय राजवंशी साँस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सव सम्पन्न भएको हो । भारतका विभिन्न स्थानमा विगत ५ वर्षदेखि अन्तर्राष्ट्रिय राजवंशी साँस्कृतिक, पर्यटन तथा चलचित्र महोत्सव हुँदै आएकोमा यसवर्ष झापाको कन्काई नगरपालिका ९ घैलाडुब्बामा महोत्सव गरिएको थियो । महोत्सवमा उत्कृष्ट कस्ट्युम डिजाइनरको प्रतिस्पर्धामा राजवंशीसहित तीनजनाको गीत नोमिनेसन भएको थियो । भारतका प्रदीप राय र हिमु रायलाई पछि पार्दै राजवंशीले 'तुई जेइदिना मोरसे दूर होलो ' नामक गीतमा गरेको कस्ट्युम डिजाइन नै उत्कृष्ट बन्यो । कार्यक्रमका प्रमुख अतिथि राजवंशी डेभलपमेन्ट एण्ड कल्चरल बोर्डका अध्यक्ष बंशीबदन बर्मनले राजवंशीलाई




अवार्ड तथा सम्मान प्रदान गरेका थिए । विगत १५ वर्षदेखि टेलरिङ व्यवसाय गर्दै आएका राजवंशीले कलाकार विल्सन विक्रम राई , गायक बलबहादुर राजवंशी , मन्जु राजवंशीलगायतको ड्रेस डिजाइन गरेका थिए । त्यस्तै राजनीतिकर्मीहरु बसन्त बानिया ,केशव ओझा , नवराज भट्टराईलगायतको लुगा तयार गरेको राजवंशीले सुनाए । कचनकवल १ घेराबारी स्थायी घर भई बुबा घागरलाल सिंह राजवंशी र आमा पुलसरी राजवंशीको चार छोरा र एक छोरीमध्ये माइला छोरा बैजन्तको जन्म २०४२ साल साउन २८ गते भएको थियो । घरको आर्थिक अवस्था कमजोर भएका कारण उनले पढाइलाई निरन्तरता दिन सकेनन् । पढाइ छोडेपछि बुबाकै सल्लाहमा उनले सिलाई कटाई सिक्ने भए । गाउँकै टेलर्समा उनले सिक्न थाले । दुई- तीन महिना गर्दै जाँदा अलिक परिपक्क भएपछि राम्रो ठाउँमा काम गर्ने इच्छा राख्दै उनी बिर्तामोड आए । चार- पाँच वर्षको अन्तरालमा बिर्तामोडको धेरै दोकान र फ्याक्ट्रीमा उनले कामको अनुभव बटुले । आफ्नै व्यवसाय खोल्ने सोच राखेपनि पर्याप्त पैसा नहुँदा उनले त्यतिबेला व्यवसाय खोल्न सकेनन् । आफ्ना मामाहरूको सहयोगमा उनी दिल्ली हानिए । दिल्लीमै कस्ट्युम डिजाइनको सीप सिकेका हुन् । २०६५ सालतिर भारतको दिल्ली गएर उनले त्यहाँको दिल्ली एनसीआर भन्ने ठाउँको एसपीएल इन्डस्ट्रीज कम्पनीमा प्रोडक्सन डिपार्टमेन्टमा काम सुरु गरे। त्यहाँको अनुभवबारे उनी भन्छन् ,' त्यहाँ प्रोडक्सन डिपार्टमा काम गर्दै जाँदा केही वर्षपछि स्याम्पलिङ डिपार्टमेन्टमा काम गर्ने मौका पाएँ। स्याम्पलिङ डिजाइनमा हरेक खालको डिजाइनहरू डिजाइनिङ गर्नुपर्ने वा आफूले इम्याजिन गरेर नयाँ पहिरन तयार गर्नुपर्ने त्यो काम मैले सोचेकै जस्तै थियो । त्यो समय मैले पैसा मात्रै नभएर ज्ञान लिन जति सके, अनुभव बटुले धेरै कुराहरु सोध्दै सिक्दै मलाई भविष्यमा काम लाग्छ भनेर भित्री मनले नै हरेक पोइन्टहरु बुझ्न थालेँ ।' अब आफ्नै फेसन डिजाइनिङको काम सञ्चालन निधो गरेर नेपाल फर्केका उनले बिर्तामोडको शनिश्चरे रोडमा न्यु दिल्ली ट्रेलर्स सञ्चालनमा ल्याए । त्यहाँ राम्रो व्यापार गरेपछि २०७७ साउन १६ गतेदेखि शाखाको रूपमा लक्ष्मीपुरमा नमस्ते टेलरिङ हाउस सर्टिङ एण्ड सुटिङ सञ्चालनमा ल्याएका हुन् । फेसन डिजाइनमा राजवंशी समुदायमै उत्कृष्ट भएका राजवंशीले आफ्नो सीप र कलालाई अझ निखार्दै जाने बताए । उत्कृष्ट डिजाइन गरेकै कारण उनको टेलर्स धेरैको रोजाइमा पर्ने गरेको छ । ब्रान्डेड सर्टिङ सुटिङका कपडा बिक्री गर्नुका साथै स्कूलका पोशाक ,विवाहका कपडालगायत जेन्स र लेडीजका सम्पूर्ण पोशाक उनले तयार गर्ने गरेका छन् ।

महोत्सवमा उत्कृष्ट कस्ट्युम डिजाइनरसंगै राजवंशी समुदायमा लोकप्रिय र चर्चित उत्कृष्ट फिल्म, निर्माता, निर्देशक, कलाकारलगायतलाई अवार्ड प्रदान तथा सम्मान गरिएको थियो ।

# पूर्वतयारी र प्राकृतिक प्रकोप व्यवस्थापन योजना स्वीकृत



झापा(प्रस) । जिल्ला विपद् व्यवस्थापन समिति सुनसरीको बैठकले पूर्वतयारी र प्राकृतिक प्रकोप व्यवस्थापन योजना स्वीकृत गर्दै नगर, गाउँ हुँदै वडा तहसम्मका विपत् व्यवस्थापन समिति तथा उपसमितिहरूलाई विपत् प्रतिकार्यको पूर्वतयारीमा रहनुपर्ने निर्णय गरेको छ ।

समितिका अध्यक्ष तथा सुनसरीका प्रमुख जिल्ला अधिकारी रामचन्द्र तिवारीको अध्यक्षतामा सम्पन्न भएको बैठकमा जिल्लाका सबै विपतबाट सुरक्षाका लागि पूर्वतयारी र प्राकृतिक प्रकोप व्यवस्थापन योजनालाई स्वीकृत गरिएको छ ।

विपत् पूर्वतयारी र प्राकृतिक प्रकोप व्यवस्थापन योजना स्वीकृत गरेसगैं कार्यान्वयनका लागि जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा विपत् प्रतिकार्य अनुसार काम गर्ने समिति बनाएको प्रजिअ तिवारीले जानकारी दिए । उनले जिल्ला, नगर, गाउँ सहित वडा तहसम्म पूर्वतयारी रहनुपर्नेमा बैठकले जोड दिएको बताए ।

तिवारीले प्रतिकार्य योजना अनुसार सबै समिति, उपसमिति क्रियाशील हुनुपर्ने, सबै जोखिम क्षेत्रमा सजगता अपनाउने, फोहोरमैला जमेर डुवान हुनसक्ने ढलहरूलाई सफाइ गर्न सम्बन्धित स्थानीय तहहरूलाई आग्रह गरिएको र सबैलाई नदीखोला, सडक फोहोर सहितको सरसफाइ गर्न आग्रह गरिएको बताए । बैठकमा उपस्थित सबै सरोकारवालाहरू तथा सहभागीहरूले पूर्वतयारी योजनाको अनुरूप आ-आफ्नो कार्य जिम्मेवारी निर्वाह गर्न सम्पूर्ण रूपले कटिबद्ध भएर लाग्ने प्रतिबद्धता जनाएका छन् । बैठकमा मुख्य रूपमा नदी तथा खोलाका नाला सफा गर्ने, पानी जम्न नदिने, नागरिकहरूलाई सचेत गराउने, जोखिम क्षेत्रहरूको पहिचान गरी सतर्कता अपनाउने र तटबन्ध निर्माण गर्ने जस्ता विषयहरूमा छलफल भएको थियो ।

सुनसरी जिल्लामा बाढी, आगलागी र अन्य प्राकृतिक प्रकोपहरूको जोखिमलाई मध्यनजर गर्दै बैठकले सुरक्षाका उपायहरूलाई सुदृढ बनाउने, र तदनुरूप आवश्यक तयारी गर्ने निर्णय गरेको छ ।

बैठकले जनताको सुरक्षालाई पहिलो प्राथमिकता दिँदै सूचना र जानकारीको प्रवाहलाई प्रभावकारी बनाउन आग्रह गरिएको छ । बैठकमा उपस्थित दलका प्रतिनिधिहरू, सामाजिक संस्थाका प्रतिनिधिहरू, सुरक्षाकर्मीहरू, र सञ्चारकर्मीहरूले निर्णयहरूको आ-आफ्नो क्षेत्रबाट सक्रिय रूपमा पालन गर्ने र आवश्यक परेको खण्डमा सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय, सुनसरीले यस वर्षको वर्षा याममा जनतालाई सुरक्षित राख्नका लागि सबै आवश्यक तयारीहरू गरेको र सबैलाई सतर्क रहन आग्रह गरेको छ ।

# कुकुरलाई क्रुरतापूर्वक हत्या गर्ने तीन पक्राउ

झापा(प्रस) । इलाममा कुकुरलाई क्रुरतापूर्वक हत्या गर्ने तीन युवा पक्राउ परेका छन् । पक्राउ पर्नेहरुमा इलाम देउमाई नगरपालिका ९ जितपुर बस्ने २१ वर्षीय दिक्षान्त मोरोहाङ लिम्बू, सोही स्थान बस्ने १७ वर्षीय संगम लिम्बू र १७ वर्षकै अशोक लिम्बू रहेका छन् । उनीहरुलाई सोमवार पक्राउ गरी जिल्ला प्रहरी कार्यालय इलाममा ल्याई थप अनुसन्धान भइरहेको जनाइएको छ । गत जेठ ३२ गते सामाजिक संजाल "भुत प्रेत" नामक पेजमा एउटा कुकुरलाई लाठीले बारम्बार प्रहार गरी क्रुरतापूर्वक निर्मम तरिकाले हत्या गरी खाल्डो खनी पुरेको भिडियो अपलोड गरेर भाइरल बनाइएको थियो । उक्त घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय इलाम र मातहत प्रहरीबाट उक्त भिडियो कसले अपलोड गरेको र कुकुरको हत्या कसले गरेको भन्ने बिषयमा अनुसन्धान तथा खोजी कार्य गर्ने क्रममा उनीहरुलाई पक्राउ गरिएको हो । यसरी कुकुरलाई हत्या गर्नेबिरुद्ध पशु कल्याण संघ नेपालले "पशुपंछी सम्बन्धी कसुर" अन्तर्गत सोमवार नै जिल्ला प्रहरी कार्यालय इलाममा जाहेरी दरखास्तसमेत दिएको छ ।

# लैंगिक हिंसाविरुद्ध सचेतनामुलक तालिम

बिर्तामोड(प्रस) । एबीसी नेपाल कोशी प्रदेश कार्यालयको आयोजना र कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा लैंगिक हिंसाविरुद्ध एकदिने सचेतनामुलक तालिम बिर्तामोड- १० मा सोमबार सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाले पटकपटक भएका आन्दोलनका उपलब्धिले सबै प्रकारका स्वतन्त्रता प्राप्त भएपनि यसलाई ब्यवहारिक उपयोग गर्नुपर्ने धारणा राखेका थिए । आफ्नो स्वतन्त्रता प्रयोग गर्दैगर्दा अरुको अधिकारको पनि सम्मान गर्न सके समस्या नहुने बताउँदै उनले सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न आग्रह गरे । यसैगरी कार्यक्रमका विशेष अतिथि बिर्तामोड नगरपालिका वडा नम्बर-१० का वडाध्यक्ष दुर्योधन गुरुङले महिला, पुरुष दुबैमाथि हिंसा हुने गरेको भन्दै वैदेशिक रोजगारीमा गएका परिवारमा बिखण्डनको समस्या देखिन थालेको बताए ।



कार्यक्रममा इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख डीएसपी प्रकाश बिष्ट, बिर्तामोड नगरपालिका- १० नम्बर वडा सदस्य दिपिका शिवा, प्रेस युनियन झापाका निवर्तमान अध्यक्ष इन्दु पूर्वेलीलगायतले शुभकामना मन्तव्य राखेका थिए । एबीसी नेपाल कोशी प्रदेश अध्यक्ष बिष्णु शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत एबीसी झापा अध्यक्ष कन्चना सिटौला र संचालन उमा शिवाकोटीले गरेका थिए । मुख्यगरी आदिवासी जनजाति महिलाहरुको सहभागिता रहेको कार्यक्रममा लैंगिक हिंसा, हिंसापीडितले न्यायिक निकायसम्म पुग्ने प्रक्रियालगायतका बिषयमा अधिबक्ता लक्ष्मी खनाल कोइरालाले प्रशिक्षण दिएकी थिइन् ।

# बिर्तामोडमा 'नेपाल मास्टर्स स्नुकर' प्रतियोगिता हुने




बिर्तामोड(प्रस) । झापाको बिर्तामोडमा 'नेपाल मास्टर्स स्नुकर २०८१' प्रतियोगिता हुने भएको छ । प्रतियोगितामा नेपालका टप १६ मा रहेका राष्ट्रिय स्नुकर खेलाडीसहित स्थानीय खेलाडीको सहभागिता रहने छ । आयोजक संस्था बिर्तामोड स्नुकरले सोमवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी प्रतियोगिता तयारीका बारेमा जानकारी दिएको हो । यही असार १५ गतेदेखि बिर्तामोडमा शुरु हुने प्रतियोगितामा नेपालका टप १६ मा रहेका राष्ट्रिय स्नुकर खेलाडी सहभागी हुने जनाइएको छ । कोशी प्रदेशबाट ८ जना र झापाबाट ८ जना गरी ३२ जना खेलाडीको सहभागिता रहने बिर्तामोड स्नुकरका प्रकाश लिङ्देनले जानकारी दिए । उनका अनुसार प्रतियोतिामा प्रथम हुने खेलाडीलाई २ लाख, फस्ट रनरअपलाई ८० हजार, हाइयस ब्रेकरलाई ५० हजार, म्याक्सिमम ब्रेकरलाई एक लाख ४७ हजार र सेमिफाइनलमा प्रवेश गर्नेलाई २०-२० हजार पुरस्कारसहित ट्रफी प्रदान गरिनेछ । लिङ्देनले हालसम्म नेपालमा म्याक्सिमम ब्रेकर कोही पनि नभएको बताए । प्रतियोगिताका लागि अनुमानित १२ लाख रुपैयाँ खर्च हुने र स्थानीय खेलप्रेमी, सामाजिक संघसंस्थासहित आयोजकले नै खर्च ब्यहोर्ने आयोजक संस्थाले जनाएको छ । स्नुकर खेल अन्तर्राष्ट्रियस्तरमा चर्चित खेल भए पनि नेपालमा भने खासै चर्चा नभएकोलेउक्तप्रतियोगिताले खेलप्रेमीमाझ चिनाउने लिङ्देनले बताएका छन् । आयोजक बिर्तामोड स्नुकरका तर्फबाट खेम बुढाथोकी, नवल अग्रवाल, चित्रप्रकाश राईलगायतले स्नुकर खेलका बारेमा आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रमको सञ्चालन आशा गुरुङले गरेकी थिइन् । प्रतियोगिताका लागि ३२ जना राष्ट्रिय, पूर्वका र स्थानीय खेलाडीहरुलाई निमन्त्रणा गरिएको आयोजकले जनाएको छ । इटहरीका आयुस गौतम, काठमाडौंबाट ह्याङ्चु आले तामाङ, रजेन लामा, मिलन लामा, सविन तामाङ, जय महर्जन, अजय सुनवार, फुर्वा देर्जे शेर्पा, बिराटनगरबाट अमन कार्की, पोखराबाट बुटवलबाट अंकितमान श्रेष्ठ (रेगन), हेटौडाबाट सोम लामा, नितेश खण्डेवाल, पोखराबाट सोम बिक, विकास महर्जन, बुटवलबाट कुनाल श्रेष्ठ इटहरीबाट आयुश गौतमले सहभागिता जनाउने छन् । यसैगरी, पूर्वका खेलाडीहरु विराटनगरबाट सरोज गौतम, विशाल निरौला, इटहरीबाट आशिक राई, मन्दिप कटुवाल, धरानबाट मनिष श्रेष्ठ, बिरे लिम्बु, दमकबाट सुजन तामाङ र ताप्लेजुङबाट दिपेन्द्र भट्टराई छन् । झापाका खेलाडीहरुमा बिर्तामोडबाट आकाश गजमेर, खेम बुढाथोकी, सोबित बास्तोला, बिशाल तामाङ, बिपिन कार्की, विकास गोयल, नवल अग्रवाल र दीपक घिमिरे रहेको आयोजकले जनाएको छ ।

## खानेपानी...

खानेपानी पुर्‍याउन प्रदेश सरकारबाट वा स्थानीय सरकारको स्वामित्वमा रहेका खानेपानीहरुबाट जडान भएको धाराको १० प्रतिशत धारा निःशुल्क जडान गर्नुपर्ने स्पष्ट पारे । खानेपानी हरेक नागरिकको आधारभूत आवश्यकता रहेको भन्दैं उनले अब हरेक स्थानीय सरकार आफ्ना नागरिकलाई कसरी शुद्ध, सफा र स्वच्छ पिउने पानी उपलब्ध गराउने सोचका साथ लगानी गर्न पछि हट्न नहुने बताए । कोशी प्रदेश सरकारको पहिलो प्राथमिकतामा शुद्ध र स्वच्छ खानेपानी परेकाले हरेक जनतालाई यो सुविधाबाट बञ्चित नगराउन यसमा बजेट विनियोजनसमेत गरेको जानकारी दिए । कोशी प्रदेश सरकारले भर्खरै प्रस्तुत गरेको बजेटमा खानेपानी प्राथमिकतामा परेको छ ।

अहिले पानीको तह घट्दै गएकाले अबको लडाई विद्युत वा अन्य क्षेत्रमा नभएर पानीमा हुने र सतह बचाउन त्यसक्षेत्रमा काम गर्नुपर्ने उनको भनाई थियो । मन्त्री कार्कीको उपस्थितिमा निर्वाचन समितिका संयोजक राजु कार्कीले नवनिर्वाचितहरुलाई पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए । प्रमुख अतिथि कार्की, विशिष्ट अतिथि कोशी प्रदेश सभा सदस्य गोपाल तामाङ, मेचीनगर नगरपालिका प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखेल उप्रेती, कोशी प्रदेशका पूर्व प्रदेश सभा सदस्य श्रीप्रसाद मैनालीले संयुक्तरुपमा प्रमाणपत्र ,अविर , माला तथा खदा प्रदान गरेका थिए ।

नवनिर्वाचित अध्यक्ष रोहितकुमार बुढाथोकीले धाराबाटै पिउन मिल्ने गरी शुद्ध खानेपानी उपलब्ध गराउने कुरामा आफूहरू प्रतिबद्ध रहेको बिश्वास दिलाएका थिए । निर्वाचन समितिका अध्यक्ष राजु कार्कीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सदस्य ज्ञानेन्द्रकुमार घिमिरे र शव्दमार्फत स्वागत सदस्य सुभद्रा अर्याल भट्टराईले गरेका थिए । २६ जेठमा सम्पन्न निर्वाचनबाट आगामी तीनवर्षे कार्यकालका लागि अध्यक्षमा रोहितकुमार बुढाथोकी, उपाध्यक्षमा गोविन्द गिरी, सचिवमा विशाल तामाङ, कोषध्यक्षमा विमला तामाङ ,महिला सदस्यहरुमा मीरा कार्की, इन्दिरा बुढाथोकी, खुला सदस्यहरुमा इन्द्रकुमार प्रधान, डिल्लीकुमार काफ्ले, केदारजंग भट्टराई निर्वाचित भएका थिए । लेखा समिति संयोजकमा सोमराज ढकाल र सदस्यहरुमा बालकुमार भुजेल र जोश्ना राजवंशी निर्वाचित भएका थिए ।


## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | PLI1230000225 | सुजन पाण्डे | आमचोक -४ इलाम |



## जनहितमा जारी सूचना

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।


जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# इनार सफा गर्ने क्रममा दुई जनाको मृत्यु



झापा(प्रस) । सुर्खेतमा इनार सफा गर्ने क्रममा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा दैलेखको चामुण्डा घर भई वीरेन्द्रनगर नगरपालिका -११ पिपिरा बस्ने ३२ वर्षीय विद्युप्रसाद रेग्मी र सोही ठाँउका ३१ वर्षका लक्ष्मीप्रसाद कँडेल रहेका जिल्ला प्रहरी कार्यालय सुखेतका प्रवक्ता डीएसपी बीरेन्द्रबीर विश्वकर्माले बताए ।

वीरेन्द्रनगर नगर पालिका - ११ का तोर्ण विकको घरको इनार सफा गर्ने क्रममा बेहोस भएका उनीहरुको प्रदेश अस्पताल कालागाउँ पुर्‍याएपछि मृत्यु भएको प्रहरीले जनाएको छ ।

# महिलाको हत्या गरी फरार साह ५ वर्षपछि पक्राउ



झापा(प्रस) । मोरङको जहदा गाउँपालिका-१ मा महिलाको हत्या गरी फरार बनेका एकजना पुरुष ५ वर्षपछि पक्राउ परेका छन् ।

इलाका प्रहरी कार्यालय बुधनगरबाट खटिएको सइ उज्वल शाक्य नेतृत्वको टोलीले जहदा-१ का ४५ वर्षीय शम्भु साहलाई आइतवार साँझ पक्राउ गरेको हो ।

जग्गाको सिमाना विवादमा साहले २०७६ साल जेठ १० गते जहदा-१ की ६० वर्षीया नान्कीदेवी ठाकुरको हत्या गरेको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए । दाउराले प्रहार गरेर महिलाको हत्या गरेपछि उनी फरार बनेको बस्नेतको भनाइ छ ।

उनका अनुसार फरार भएको लामो समयपछि हत्याका आरोपीलाई जहदा-१ तिल्हरियाबाट पक्राउ गर्न प्रहरी सफल भएको हो । साहविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउने प्रहरीको तयारी छ । घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालय रानीका इन्स्पेक्टर प्रकाश थापा नेतृत्वको टोलीले थप अनुसन्धान अघि बढाएको छ ।

# पेट्रोलियम ढुवानी चालकहरूसँग भयो सहमति



झापा(प्रस) । नेपाल आयाल निगम र पेट्रोलियम चालकहरूबीच सहमति भएको छ।

सहमति भएसँगै आजैबाट पेट्रोल पम्पहरू खुल्ने निगमका प्रवक्ता मनोजकुमार ठाकुरले जानकारी दिएका छन्।

'छलफल सकियो। दुई पक्षबीच सहमति भएको छ,' उनले भने, ' सोमवारबाटै तेल पाइन्छ।'

शनिबारदेखि ट्यांकर चालकहरूले सम्पूर्ण ट्यांकर चालक/सहचालक मजदुरहरूलाई श्रम ऐन अनुसार नियुक्ति पत्र दिई नेपाल सरकारले तोके अनुसारको तलबको व्यवस्था गरिनुपर्ने, सामाजिक सुरक्षा कोषमा आवद्धताको व्यवस्था गरिनुपर्ने लगायतका सात बुँदे माग राखेर आन्दोलन गरिरहेका थिए।

उक्त आन्दोलनलाई लिएर सोमबार दुई पक्षबीच उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा छलफल भएको थियो।

# सुती कपडामा भ्याट लगाएपछि आयात ठप्प

झापा(प्रस) । आर्थिक वर्ष २०८१/८२ को बजेटले सुतीका सारी, धोती र लुंगीसहितका सुती कपडामा मूल्यअभिवृद्धि कर (भ्याट) लगाएपछि दुई सातादेखि ती कपडाको आयात भन्सार नाकाबाट ठप्प छ । १० प्रतिशत भन्सार महसुलसहित १३ प्रतिशत भ्याटका कारण एकमिटर सुती कपडामा कम्तिमा पनि २५ रुपैयाँ मूल्य अन्तर भएका कारण ती कपडाको चोरी पैठारी सुरु भएको सम्बद्ध व्यवसायीको भनाई छ ।

विशेषगरी पहाड र तराईका निम्न र निम्नमध्यम वर्गको पहिरनका रूपमा चिनिएको सुतीका सारी, धोती र लुंगीमा जेठ १४ गतेसम्म १० प्रतिशत भन्सार महसुल मात्र लाग्दै आएको थियो । बजेटले थप १३ प्रतिशत भ्याट थपेपछि यसको असरले सुती कपडाको आयात महसुल २५ प्रतिशत पुग्ने आयातकर्ता सन्जित भगतको दाबी छ ।

झण्डै २५ प्रतिशत आयात शुल्क तिरे सुती कपडा आयात गरेर स्थानीय बजारमा बिक्री गर्नै सकिँदैन । भगतले भने, 'भन्सार महसुल र भ्याटका कारण सीमावर्ती बजारमा ती कपडाको मूल्य अन्तर निकै पर्छ । त्यही मूल्य अन्तरका कारण सातादेखि सुती कपडाको चोरी तस्करी सुरु भएको छ ।' उनले दुई दिनमा एक गाडी सुती कपडाको आयात गर्थे । तर अहिले जेठ १५ यता एक गाडी पनि आयात गरेका छैनन् ।

भन्सार विभागको तथ्याङ्क अनुसार चालु वर्षको



१० महिनामा १ अर्ब ५९ करोड १८ लाख मूल्यको सुती सारी र १० करोड ५७ लाख मूल्यको सुतीको धोती र लुंगी १० प्रतिशत भन्सार महसुल तिरेर आयात भएको छ ।

विराटनगर भन्सारका अनुसार गतवर्ष यो नाकाबाट ५६ करोड ४४ लाख ७८ हजार मूल्यका सुती कपडा आयात हुँदा १० करोड १७ लाख भन्सार महसुली असुली भएको थियो । चालु वर्षको १० महिनामा ४० करोड ३६ लाख मूल्यका सुती सारी, धोती लगायतका सुती कपडा आयात हुँदा ४ करोड ९८ लाख राजश्व असुली भएको छ ।

भन्सार स्रोतका अनुसार जेठ १५ मा सार्वजनीक भएको बजेटमा सुती कपडामा १० प्रतिशत भन्सार महसुलसहित १३ प्रतिशत भ्याट कायम गरेपछि आयात प्रभावित भएको छ ।

मानिसको मृत्युपछि अन्तिम संस्कारका लागि प्रयोग गरिने कात्रोको कपडामा समेत सरकारले भन्सार महसुलसहित भ्याट लगाएर गैरजिम्मेवारीको पराकाष्ठ देखाएको सम्बद्ध कारोबारीको भनाई छ । एउटा लासको अन्त्येष्टि गर्न कम्तीमा पाँच मिटर कात्रो चाहिन्छ । पाँच मिटर कात्रो किन्दा एकसय २५ रुपैयाँ राजश्व तिर्नुपर्ने अवस्था रहेको ती कारोबारीको दाबी छ ।

सुती कपडाका मुख्य आयातकर्ता भगतले चर्को महसुलका कारणले सुती कपडाको पनि अवैध आयात सुरु भएको दाबी गरे । अहिलेसम्म नेपालमा तस्करी भएर नआउने कपडामा सुती सारी, लुंगी र धोती नै थिए । यी कपडामा सरकारले भ्याट छुट दिँदा आयात महसुल कम पर्थ्यो ।

यी कपडामा भारतमा वस्तु तथा सेवा कर (जीएसटी) ५ प्रतिशत मात्र छ । साफ्टा अर्न्तगत नेपालमा आयात हुँदा उक्त ५ प्रतिशत छुट हुन्छ । जेठ १४ सम्म आयात महसुल १० प्रतिशत मात्र थियो । 'भारतमा ५ प्रतिशत छुट हुँदा ती कपडाको वास्तविक आयात महसुल ५ प्रतिशत मात्र हुन्थ्यो र ५ प्रतिशत आयात महसुल हुँदा ती कपडा चोरी मार्गबाट आयात हुदैनथ्यो,' भगतले भने, 'अब भ्याट लागेपछि महसुल उच्च भएर चोरी पैठारी बढ्ने छ ।' नेपालमा भारतबाट अवैध मार्ग हुँदै आउने कपडामा सिन्थेटिक कपडा बढी भएको सम्बद्ध व्यवसायीको दाबी छ । सिन्थेटिक कपडाको आयातमा सरकारले १५ प्रतिशत भन्सार महसुल र भ्याट लगाएको छ । यसको असर ३० प्रतिशतसम्म पुग्छ । सिन्थेटिक कपडामा आयात महसुल उच्च भएका कारणले अवैध व्यवसायीलाई लाभ पुग्दै आएको छ । तर अब सुती कपडा पनि अवैध बाटोबाटै आउने उनीहरुको ठम्याइ छ ।

मुलुकमा सुती कपडाका आयात गर्ने मध्येका भगत एक हुन् । उनले आयात गरेका सुती कपडा काठमाडौं, पोखरा, चितवन र हेटौंडासम्म पुग्छ । उनले भने, 'सुती सारी, लुंगी र धोतीको मुख्य बजार मधेस प्रदेश हो । त्यहाँका निम्न वर्गका पुरुष र महिलाको पहिरन नै यही हो । तर सिराहा, सप्तरी, जनकपुर, महोत्तरी, सर्लाही कतैका विक्रेताले पनि दुई सातादेखि ती कपडाको माग गरेका छैनन्, कारण सुती कपडामा लागेको भ्याट नै हो ।' कपडा व्यवसायी संघ विराटनगरका उपाध्यक्ष नन्दु जाजुले अब भन्सार महसुल १० प्रतिशतमा भ्याट पनि लागेपछि सुती सारी, लुंगी र धोतीको आयात गर्दा एक थान कपडाको एकसय रुपैयाँ राजस्व लाग्ने बताए ।

एक थानको एकसय राजस्व लागेपछि अब यी सामग्रीको वैध आयात हुनै सक्तैन । जाजुले भने एक थानको ३० देखि ४० रुपैयाँमा त क्यारिङ नै हुन्छ । अब भन्सार कटेर होइन क्यारिङबाट सुती सारी, लुंगी र धोतीको आयात हुनेछ ।

जाजुले यसअघि तत्कालीन अर्थमन्त्री महेश आचार्यले २०५५ सालमा तीन वटै कपडाको भ्याट हटाएको स्मरण गरे । उनले भने त्यसबेला पनि भ्याट लाग्दा सुतीका सबै कपडाको चोरी पैठारी तीव्र थियो । भ्याट हटाएपछि अहिलेसम्म भन्सारबाटै आउँदै थियो । जाजुले भने यसपालि पुन भ्याट लागेको छ । अव सुती कपडा भन्सारवाट नभई क्यारिङवाट आउने पक्का छ ।

# छ किलो सुन र ४८ लाख नगदसहित पक्राउ



झापा(प्रस) । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआबी) ले छ किलो सुनसहित एक चिनियाँ मूलका नागरिकलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ३७ वर्षीय चिनियाँ मूलका नागरिक सोनाम गुरुङ रहेका केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) का प्रवक्ता एवम् प्रहरी उपरीक्षक होसवन्द्र बोगटीले जानकारी दिए ।

उनले भने,"काठमाडौँबाट छ किलो सुनसहित सोनाम गुरुङ भन्ने चिनियाँ मूलका नागरिकलाई पक्राउ गरिएको छ, यस विषयमा थप अनुसन्धान भइरहेको छ ।" पक्राउ परेका गुरुङको घरबाट प्रहरीले रु. ४८ लाख नगद पनि बरामद गरेको सिआइबीले जनाएको छ ।

# रेल दुर्घटनामा ९जनाको मृत्यु,५० भन्दा बढी घाइते

झापा(प्रस) । भारत पश्चिम बंगालको न्यू जलपाईगुडी नजिक रेल दुर्घटना हुँदा ९ जनाको मृत्यु भएको छ ।

सियालदह जाँदै गरेको कंचनजंघा एक्सप्रेसलाई न्यू जलपाईगुडी नजिक अर्को मालगाडीले ठक्कर दिएको थियो । सो दुर्घटना सोमवार बिहान सवा ९ बजे भएको हो । दार्जिलिङ प्रहरीका



अनुसार ९ जनाको मृत्यु भएको पुष्टि भएको छ । कम्तीमा ५० जना घाइते भएका छन् ।

न्यू जलपाइगुडी रेल्वे स्टेशनबाट छुटेको कञ्चनजंगा एक्सप्रेस (१३१७४)लाई एउटा मालगाडी रेलले पछाडिबाट ठक्कर दिएको थियो ।

कलकत्ता जाँदै गरेको कञ्चनजंगा एक्सप्रेस रातो सिङ्गलका कारण रोकिरहेको थियो । सोही बेला पछाडिबाट आएको मालगाडी रेलले ठक्कर दिएको थियो । ठक्करबाट यात्रु बोकेको कञ्चनजंगा एक्सप्रेस तीन वटा डिब्बा क्षतिग्रस्त भएको छ । घटनास्थलमा एक जना कोपो पाइलटको मृत्यु भएको छ । घटना दुखद भएको बंगालका मुख्यमन्त्री ममता बनर्जीले जानकारी गराउँदै उद्धार तथा राहत कार्यमा जुटन अपिल गरेकी छिन् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०

मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष**: रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष**: आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन**: सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट**: जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह**: सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या**: मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला**: कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक**: आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु**: आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर**: नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ**: ठूलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन**: आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ